# दिप्रङ चुइचुम्मा गाउँपालिका वडा नं .........को दलित सहकारी संस्थाको विनियम

## २०७६

प्रस्तावना

अन्तराष्ट्रिय सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको स्रोत र साधनलाई एकीकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यामद्वारा हामी प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक, शैक्षिक विकासको लागि एक सहकारी संस्थाको आवश्यकता परेको हुनाले सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा दिप्रङ चुइचुम्मा गाउँपालिकाको दलितसँग सहकारी सञ्चालन कार्यविधि २०७६ को अधिनमा रही दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वडा नं .........को दलित सहकारी संस्था लि. को स्थापनाको लागि ....................मा बसेको प्रथम प्रारम्भिक भेलाको निर्णय बमोजिम यो विनियम तर्जुमा गरी मिति ......................गते बसेको दोस्रो प्रारम्भिक भेलाले सर्वसम्मतबाट पारित गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ :
(क) यस विनियमको नाम दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वडा नं .........को दलित सहकारी संस्था लि को विनियम २०७६ रहनेछ ।
(ख) यो विनियम दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालयबाट स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. संस्थाको नाम र ठेगाना :
क) संस्थाको नाम : दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वडा नं .........को बहुउद्देश्यीय दलित सहकारी संस्था हुनेछ ।
ख) संस्थाको ठेगाना : दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वडा नं ......... रहनेछ ।
ग) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरुको पहुँच हुने स्थानमा स्थापना गरिनेछ ।

### ३. कार्यक्षेत्र :
क) यस संस्थाको कार्याक्षेत्र दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वडा नं ......... भरि मात्र हुनेछ ।

**४. परिभाषा** : विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस विनियममा,
क)“ऐन” भन्नाले सहकारी ऐन २०७४ सम्झनुपर्नेछ ।
ख)“नियमावली” भन्नाले सहकारी नियमावली २०७५ सम्झनुपर्दछ ।
ग)“कार्यविधि” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्याविधि २०७६ सम्झनुपर्दछ ।
घ)“संस्था” भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वडा नं .........को बहुउद्देश्यीय दलित सहकारी संस्था सम्झनुपर्दछ ।
ङ) “सदस्य” भन्नाले यस संस्थाको एक शेयर खरिद गरी विनियम बमोजिमको दायित्व निर्वाह गर्न तयार रहेको व्याक्ति सम्झनुपर्दछ ।
च) “साधारण सभा” भन्नाले प्रारम्भिक, बार्षिक र विशेष साधारण सभा सम्झनुपर्दछ ।
छ) “समिति” भन्नाले संस्थाको संचालक समितिलाई सम्झनुपर्दछ ।
ज)“शेयर” भन्नाले संस्थाको शेयर पुर्जीको विभाजित अंशलाई सम्झनुदर्पछ ।
झ)“बचत परिचालन” भन्नाले सदस्यहरुबाट बचत संकलन गर्ने र ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनुपर्दछ ।

### ५. संस्था संगठित संस्था हुने :
क) संस्था अविछिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।
ख) संस्थाको सबै कामकाज प्रमाणित गर्नका लागि अनुसूची -१ मा उल्लेख गरिए अनुसार आफ्नो चिन्ह अंकित छाप रहनेछ ।
ग) संस्थाले ऐन बमोजिम चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र सम्पत्ति बेचविखन गर्न कुनै प्रकारको बन्दोवस्त गर्न सक्नेछ ।

### ६.सहकारी सिद्धान्त :

क) अन्तराष्ट्रिय सहकारी महासंघद्वारा पारित सहकारीका द्धिान्तहरु यस विनियमको अभिन्न अंग हुनेछ ।

## परिच्छेद -२
## उद्देश्य र कार्य

### ७. संस्थाको उद्देश्य निम्न अनुसार रहेका छन् ।

१)सहकारी मूल्य र मान्यता एवं सिद्धान्तको पालना गर्दै संस्थागत सुशासन कायम गर्न जोड दिने ।
२) दलित समुदायको आर्थिक स्तर विकासका सदस्यहरुमा सीपमूलक कार्यहरु तथा व्यवसायमा जोड दिन प्रोत्साहित गर्ने ।
३) दलित समुदायमा बचत गर्ने साथै बचतलाई नाफामूलक काममा लगानी गर्न प्रोत्साहित गर्ने ।
४) सहस्यहरुको सामाजिक जीवनको विविध क्षेत्रमा संस्थागत सहययोग गर्ने।
५) दलित समुदायमा आय आर्जन क्षमतामा वृद्धि र पारस्परिक सहयोगको आधारमा व्यावसायिक विकास गर्ने ।

### ८. कार्यहरु (गतिविधिहरु):

संस्थाले विनियमको दफा ७ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न प्रचलित ऐन,नियम निर्देहिकाहरुको पूर्ण पालना गरी निम्न कार्यहरु गर्नेछ ।
१) सदस्यहरुमा बचत संस्कृतिको विकास गर्न नियमित र ऐच्छिक बचतका उपयुक्त स्वरुपहरु लागू गर्ने ।
२) आयआर्जन बृद्धिका लागि सदस्यहरुमा रहेको सीप (कृषि औजार सामाग्री निर्माण, सिलाइकटाई पशुपालन, घरेलु उद्योग, कृषि व्यावसाय, साना उद्योग जस्ता) प्रवर्द्धनका लागि ऋण स्वरुप लगानी गर्ने,
३) सामुहिक व्यावसायमा जोड दिने,
४) आधुनिक कृषि प्रणलीलाई जोड दिने,
५) सदस्यहरुमा कुलत, अन्धविश्वास र कुसंस्कार हटाई आयआर्जनका लागि लगानी गर्ने ।
६)सामुदायिक स्वास्थ्य एवं सरसफाइका कार्याक्रमहरु गर्ने।

## परिच्छेद -३
## सदस्यता

### ९. सदस्यताः

यस संस्थामा तपशिल बमोजिमका व्याक्तिहरुले सदस्यता प्राप्त गर्न सक्नेछन् :
क) यस वडाभित्रका दलित घरधुरीका एक सदस्य,
ख)नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्याक्ति,
ग) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको,
घ) संस्थाको विनियमको पालना गर्न मञ्जुर व्याक्ति
ङ) कम्तीमा एक शेयर खरिद गरि संस्थाको नियमानुसार नियमित बचत गर्नसक्ने व्यात्ति,

**१०. प्रवेश शुल्क** :
विनियमको दफा ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु. १००।-(पछि फिर्ता नहुने गरी) बुझाउनुपर्नेछ ।
११. सदस्इता कायम नरहने :
(१) देहायमा उल्लेख भएका अवस्थामा कुनै व्याक्ति संस्थाको सदस्यता कायम रहनेछैन ।
(१) तोकिएको अवधिभित्र शेयरको पुरा रकम चुत्ता नगरेमा ।
२) सदस्यको मृत्यु भएमा,
३) मगज विग्रिएको प्रमाणित भएमा ।
४) नैतिक पतन हुने फौजदारी अभियोग अदालतबाट प्रमाणित भई सजाय पाएमा
५) राजीनामा स्वीकृत भएमा ।
६) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा
७) दफा ११ बमोजिम सदस्यताबाट निष्कासन गरिएमा ।

**११. सदस्यबाट निष्कासन :**

१)संचालक समितिले छानविन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्याबाट निष्कासन गर्न सकिनेछ ।

क) संस्थाको संचालन र प्रगतिमा हानी पुऱ्याउने कुनै किसिमको कार्य गरेमा,

ख) संस्थाको नीति नियम वर्खिलाप गरेमा,

ग) संस्थाको प्रतिष्ठामा आँच आउने कार्य गरेमा,

घ) संस्थाको चल अचल सम्पत्तिको हिनामिना गरेमा,

उपदफा १) बमोजिम आरोप लागि संस्थाबाट निष्कासन गर्न प्रस्ताव आएको सदस्यलाई स्पष्टिकरण दिन ३५ दिनको समय उपलब्ध गराइनेछ ।

**१२.सदस्यको काम,कर्तव्य र अधिकार** : सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) एक सदस्य एक मतको अधिकार,

ख)साधारण सभाबाट निर्वाचित भई संस्थाको व्यावस्थापनको नेतृत्व लिने वा दिने अधिकार,

ग) संस्थामा नियमित बचत गर्ने र सोमा निर्धारित व्याज प्राप्त गर्न,

घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा ता व्याज नियमित रुपमा भरत्तानी गर्दै जाने,

ङ)संस्था एवं सदस्यहरुको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र परामर्श गर्ने

च)संस्थाको साधारण सभामा छलफलमा भाग लिने र विभिन्न निर्णयमा आफ्नो मत राख्ने,

छ)संस्थाले सदस्यहरुका लागि संचालन गर्ने सुविधाकोउपभोग गर्ने

ज) सहकारीका प्रचलित कानून र सहकारीका सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था सुद्धिकरणको अभियानमा सक्रियता लिने ।

## परिच्छेद -४
## शेयर पुजीँ

**१३.शेयर पुँजी :–**

१) संस्थाको कुल शेयर पुजीँ रु...........................................मात्र हुनेछ छ।

२) संस्थाको कुल संकलित शेयर पुँजीको २० प्रतिशतमा नबढाई कुनै एक सदस्यले जतिसुकै पनि शेयर खरिद गर्न सक्नेछ ।

३) प्रति शेयर रकम रु १०० को हुनेछ ।

**१४. शेयरको हस्तान्तरण वा फिर्ता:-**

१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम संस्थाको चालु आर्थिक बर्षको हिसाव जाँच पश्चात निजले पाउनुपर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा निको नहुने गरि बहुलाएको प्रमाणित भएमा निजको नाउमा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवालालाई मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित हकवालाको नाउमा नामसारी गरिनेछ ।

## परिच्छेद-५
## बचत निक्षेप संकलन, ऋण लगानी र तरलता सम्बन्धि व्यावस्था

**१५. बचत निक्षेप संकलन :-** संस्थाले देहाय बमोजिमको वचत सदस्यहरवाट संकलन गर्न सक्नेछ ।

१, सदस्यले साधारण वचतको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा आफुले कवुल गरेको वचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नु पर्नेछ । यस्तो नियमित वचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

२, संस्थाले सियर पुँजिको वढिमा १० गुणा सम्म मात्र सदस्यहरुवाट वचत संकलन गर्न सकिनेछ ।

३, संस्थाले सार्वजानिकरुपमा विज्ञापन गरी वचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्ने छैन ।

४, संस्थाले वचत निक्षेप संकलन गर्ने र पुर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यरुको विचमा मात्र सिमित रहि गर्नेछ ।

**१६, ऋण लगानी :-**

१, कुनै सदस्यले संस्थावाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरि ऋण लगानी उप समिति समक्ष पेश गर्नु पर्नेछ ।

२, कुनै सदस्यले ऋण लिनु परेमा सो सदस्यको लागि अन्य पाँच जना सदस्यरु जमानत वस्नु पर्नेछ । सदस्यले लिएको ऋणको सावा र व्याज पुरै भुक्तानी नगरे सम्म निजलाई र जमानत वस्ने हरुलाई ऋण लगानी गर्ने छैन ।

३, संस्थाले पशुपालन, घरेलु उद्योग, कृषि व्यावसाय,साना उद्योग र सिलाइकटाई जस्ता व्यावसायमा ऋण लगानी गर्नेछ ।

**१७, ऋणको किसिम :-**

साधारण सभाले अनुमोदन गरेको ऋण नितिको अधिनमा रहि समितिले समय समयमा ऋणको किसिम तोक्न सक्नेछ ।

**१८, वचत निक्षेप तथा ऋण लगानीको रकममा व्याज :-**

१, संस्थाले वचतमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्यजदरको निर्धारण प्रचलित वजार दरको आधारमा गर्नेछ ।

२, संस्थाले सदस्यको वचतमा दिने उच्च व्याज दर र ऋण लगानीमा लिने उच्च व्याज दरको अन्तर सामान्य तय ६ % भन्दा वढि हुने छैन ।

३, संस्थाले वचत,ऋण लगानी ,व्यज निर्धारण आदि विषयहरुमा आवश्यक सर्त प्रकृया तथा कार्यविधिहरु वचत तथा ऋण नितिमा व्यवस्था गर्ने छ । संस्थाले त्यस्तो वचत तथा ऋण निति साधासण सभा वाट अनुमोदन गाराई लागु गर्नेछ ।

४, संस्थाले साधारण सभावाट अनुमोदित वचत तथा ऋण निति दिप्रुङ चुइचुम्माको कार्यालयमा पेश गर्नेछ ।

**१९, विलम्ब शुल्क :-**

१, सदस्यले संस्थावाट लिइएको ऋणको साँवा र व्याज तोकीइएको अवधिमा नै तोकीए बमोजिम भुक्तानी गर्नु पर्नेछ ।

२ सदस्यले उपदफा १ बमोजिम ऋणको सावा र व्यज भुक्तानी नगरेमा ,

क) लिइएको कर्जाको मासिक रुपमा व्यज भुक्तानी नगरेमा साधारण व्यजमा ..........प्रतिशत व्यज लाग्नेछ ।

ख) भुक्तानी गर्नु पर्ने शर्त भित्रको मितिमा सावा र व्यज भुक्तानी नगरेमा साधारण व्यजमा ५ प्रतिशत अतिरिक्त व्यज लाग्नेछ ।

**२० तरलता :-**

संस्थाले कुल वचत रकमको कम्तीमा १५ प्रतिशत रकम अनिवार्य रुपमा तरलताको रुपमा राख्नु पर्नेछ ।

## परिच्छेद ६

### संस्थाको सभा र कार्या सञ्चालन विधि

**२१.** **साधारणसभा:** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारणसभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः–

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

**२२.** **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार:** प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२३. **वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार :** वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२४. **साधारणसभाको बैठक :**(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :–

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(ग) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

घ) दफा २९ कोउपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

**२५. संचालक समिति :-**

१. संस्थामा ७ जनाको सञ्चालक समिति रहनेछ । समितिमा १ जना अध्यक्ष १ जना उपाध्यक्ष १ जा सचिव र १ जना कोषाध्यक्ष र वाँकी सदस्य रहनेछन्

२, सदस्यहरुवाट समितिको निर्वाचन तोके वमोजिम प्रजातान्त्रि प्रकृया अनुरुप सम्पन्न गरिनेछ ।

३. एका घर परिवारवाट एक भन्दा वढि व्याक्ति एकै अवधिमा संचालकको पदमा वहाल रहन पाउने छैन ।

४, संस्थाको ऋणि सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म समितिको कुनै पदमा उम्मेदवर हुन पाउने छैन ।

**२६. सञ्चालकहरुको पदावधि :-**

१, सञ्चालक हरुको पदावधि निर्वाचित भई सफत गरेको मितिले ३ वर्षको हुनेछ । सञ्चालकहरु समितिमा पुनः निर्वाचित हुन सक्नेछ ।

२७, समितिको बैठक :-

१, संस्थाको कार्य सञ्चालनको लागि समितिको वैठक नियमित वस्नेछ । समितिको २ वैठक विच ४५ दिन भन्दा वढिको अन्तर हुने छैन ।

२, अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक वस्नेछ । बैठकमा समितिको ५१ प्रतिशत सञ्चालकहरु उपस्थित भए बैठक सञ्चालनको लागि गणपूरक संख्या परगेको मानिनेछ ।

**२७. संचालक पदमा वहाल रहन नसक्ने अवस्था :-**

देहायका अवस्थामा समितिको सञ्चालक पद रिक्त भएको मानिने छ ।

क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अधयक्ष समक्ष दिइएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकामन साधारढा सभाले निजको राजिनामा स्वीकृत गरेमा

ख) मृत्यु भएमा ।

ग) संस्थालाई जानकारी नदिई संस्थाको कार्य प्रकृती संग मेल खाने निज व्यपार सञ्चालित गरेको प्रमाणित हुन आएमा

घ) विनियमको दफा १२,१३ र १४ बमोजिम सदस्यता समाप्त भएमा समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा विना सुचना लगातार तिन महिना सम्म बैठकमा अनुपस्थित भएमा ।

ग) ६ महिना भन्दा वढि अवधिको लागि निरन्तर वस्ने गरी विदेश गएमा ।

ज) दफा २२ को उप दफा १३ अनुसारको अवस्था सिंजना भएमा ।

**२८. समितिको काम कर्त्यव्य र अधिकार :**

सदस्यहरुको हितलाई ध्यानमा राखि समितिले देहाय बमोजिमको कार्यहरु गर्ने छ

क) संस्थाको समग्र व्यवस्थापन गर्ने ।

ख) निर्धारित मापदण्डका आधारमा सदस्यता विस्तार गर्ने वा खारेज गर्ने ।

ग) संस्थाको स्वीकृत विनियम एंवम वचत ऋण परिचालन निर्देशिकाको अधिनमा रहि सहकारी वैंक, वा आफु सदस्य रहेको सहकारी संघवाट ऋण लिने ।

घ) वचत ऋण परिचालनका लागि वचत तथा ऋण निर्देका साधारण सभावाट पारित वा अनुमोदन गराई लागु गर्ने ।

ङ) कारोवारको हरहिसावमा अध्यवधिक गरि गराई सोको विवरण प्रमाणित गर्ने ।

च) उपसमितिहरुको गठन र विगठन गर्ने ।

छ) संस्थाको स्वीकृत दरवन्दिमा योयताको आधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी व्यवस्थापन सम्बन्धमा सम्पूर्ण कानूनी कार्यहरु गर्ने र आवश्यक्ता अनुसार कानूनी सेवा लिने सम्बन्धि निर्णय गर्ने

झ) संस्थाको योजना र वार्षिक बजेट साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।

ञ) संचालक समिति र लेखा समितिका रिक्त पद पुर्ति वा संचालकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन समिति गठन गर्ने ।

ट) विनियममा व्यावस्था भएका प्रावधानका आधारमा प्रक्रियागत ढंगले सभा बोलाउने र सभाको उचित व्यावस्थापन गर्ने ।

ठ) साधारण सभाले निर्देश गरेका वा स्वीकसत गरेका कामहरु गर्ने,

ड) साधारण सभाको प्रत्यायोजित अधिकारका आधारमा समयमै निर्धारित प्रक्रिया पुरा गरी गराई लेखा परीक्षकको नियुत्ती गरी संस्थाको हरहिसाव लेखा परीक्षण गराउने ।

ढ) साधारण सभाको बैठकमा पेश गरिने प्रतिवेदनहरु,बजेट तथा कार्यक्रमहरु, नीतिका मस्यौदाहरु, महत्वपूर्ण निर्णय अनुमोदन आदिको तयारी गर्ने ।

ण) संस्थाको व्यवस्थापन चुस्त रान वित्तिय विश्लेषण र अनुगमनको लागि एभ्चैक अनुगमन पद्धतिको अवलम्वन गर्ने। यसका लागि संस्थाका संचालक, लेखा समितिका पदाधिकारी र कर्मचारी लाई आवश्यकताअनुसार तालिममा सहभागी गराउने व्यवस्था गर्ने ।

त) संचालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफँढ गर्ने ।

**२९. संचालकहरुको काम, कर्तव्य र अधिकार :**

१) अध्याक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्याक्षता गर्ने,

ख) साधारण सभाकाट स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

ग) संस्थाको चल,अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उउचित प्रयोगको व्यावस्था मिलाउने ।

घ) संचालकहरुलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

ङ) संचालकका कुनै सदस्यले राजिनामा दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्ने ,

च) संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अन्य संघ संस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने ।

छ) साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भै बराबर भएमा निर्णयक मत दिने ।

ज) संस्थाको कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार जाँचबुझ, निरीक्षण गर्ने,गराउने ।

झ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

ञ) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

ट) विनियमका व्यावस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

ठ) सहकारीका सिद्धान्तहरु र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरुको पालना गर्ने गराउने ।

ड) दि.चु.गा.पाको निर्देशनको पालना गर्ने गराउने साथै विनियम बमोजिम दिनुपर्ने सूचना वा प्रतिवेदनहरु समयमा नै पालना गर्ने गराउने ।

२) उपाध्याक्षको काम,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) अध्याक्षको काममा सहयोग पुऱ्याउने ।

ख) अध्याक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

ग) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

घ) अध्याक्षको अनुपस्थितमाअध्याक्षले गर्ने सम्पूर्ण कामहरु गर्ने ।

ङ) समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी बहन गर्ने ।

३) सदस्यको काम, कर्तव्य र अधिकार :

क) संचालक समितिको बैठकमा नियमित रुपमा सहभागी हुने ।

ख) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

ग) निर्णय अनुसार विभिन्न उपसमितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

घ) बैठकबाट गरिने निर्णयहरु संस्थाको हितका लागि हुनुपर्ने विषयमा सजग रहने ।

ङ) सहकारीका सर्वमान्य सिद्धान्तहरु,सहकारी ऐन नियम , संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संचालन हुन नदिने ।

च) संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधिको रुपमा सदस्यहरुको हित प्रवर्द्धन हुने काम गर्ने गराउने ।

**३०. लेखा समिति** :

१) साधारण सभाद्वारा निर्वाचनको प्रक्रियाबाट एकजना संयोजक, २ जना सदस्य भएको ३ जनाको लेखा समितिको गठन हुनेछ ।

२) संचालक समितिका अन्य पदाधिकारीको लागि उम्मेदवार हुन आवश्यक योग्यता भएका शेयर सदस्यहरु लेखा समितिको पदमा निर्वाचित हुन उम्देवार बन्न पाउने छन् ।

**३१. लेखा समितिको बैठक :**

लेखा समितिको बैठक कम्तीमा वर्षको चार पठक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

**३२. लेखा समितिका काम कर्तव्य र अधिकार :**

१) संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने ।

२) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन जाँच गर्ने ।

३) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा लेखा परीक्षणको कार्यमा सचालक वा व्यावस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने ।

४) लेखा परीक्षण सम्बन्धि प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य पेश गर्ने ।

५) लेखा समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनुपर्छ ।

क) समितिको बैठक बसेको संख्या ।

ख) गत बर्ष दिइएको सुझाव कार्याज्वयनको अवस्था ।

ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आ.व को तुलनात्मक आर्थिक विवरण,

घ) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्यमुख्य आर्थिक उपलब्धि एवं कारोबारका कमजोर पक्षहरु ।

ङ) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यावस्थाहरुको पालनाको अवस्था ।

च) संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था ।

छ) कर्मचारी व्यावस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु ।

ज) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधारका सुझावहरु ।

झ) गत बर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।

ञ)आफ्नो संस्था आवद्ध रहेको पालिका वा संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था

**३३. लेखा समितिका पदाधिकारीहरुको पदावधि :**

लेखा समितिको पदावधि संचालक समितिको पदावधि सरह नै हुनेछ । नयाँ समितिको गठन नहुञ्जेल सम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ । निजहरु पुन निर्वाचित हुन सक्नेछन् ।

**३४. ऋण लगानी उपसमिति :**

१) ऋण लगानी उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेका समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु समितिले शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ । साथै ऋण लगानी उपसमितिको सचिवको जिम्मेवारी संस्थाका प्रवन्धक मा रहनेछ ।

२) संस्थाको ऋणी सदस्यले भाखा नाघेका ऋण चुक्ता नगरे सम्म ऋण लगानी उपसमितिको पदमा मनोनयन गरिने छैन ।

**३५.ऋण लगानी उपसमितिको बैंठक :**

ऋण लगानी उपसमितिको बैठक आवश्यकताअनुसार जुन सुकै वेला पनि बस्न सक्नेछ । संयोजकले यपसमितिको बैंठक बोलाउनेछ ।

**३६. ऋण लगानी उपसमितिको काम,कर्तव्य र अधिकार :**

(१) साधारण सभाबाट पारित बचत तथा ऋण निर्देशका र समितिले दिएको अधिनमा रही सदस्यहरुबाट पेश हुन आएको निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्ने समितिलाई सिफारिस गर्ने । यसो गर्दा सुरक्षणको अवस्था वारे विभिन्न प्रक्रिय अवलम्बन गरी जाचँ गर्ने र सुरक्षित लगानीको स्पष्ट आधार उल्लेख गर्ने लिने । यस्ता आधार अर्न्तगत सम्पत्तिको यथार्थ मुल्याङकन, स्थलगत अध्ययन र सर्जमिनका आधारमा प्रचलित बजारभाउ, धितो राखिने सम्पत्तिमा पारिवारिक खिचलो तथा मुद्दा मामला भए नभएको आदि विषयमा एकीन गर्नेछ ।

(२) सदस्यहरुबाट संस्थामा रहेको नगद मौज्दात भन्दा बढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यहरुको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम, र  निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि प्राथमिकता निर्धारण गरी निर्णय गर्नेछ ।
(३) सदस्यवाट  तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन नियमित अनुगमन गर्ने गराउने काम गर्नेछ ।
(४) सदस्यद्धारा ऋणको सुरक्षण वापत राखिएका धितोपत्रहरुको समय समयमा निरीषण गर्नेछ ।
(५) सदस्यले आफुले लिएको ऋण चक्ता गर्ने ढिलो वा अटेर गरेमा ऋण असुली प्रकृया शुरु गर्ने र कानुनी कारवाहीको लागी समिति समक्ष समयमै पेश गर्नेछ र निर्णय भए बमोजिम गर्नेछ ।
(६) उपसमितीको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

**३७ समुह गठन :**

संस्थाले आफ्नो कार्य संचालनलाई सहज बनाउनका लागी संस्थाका सदस्यहरुलाई विभिन्न समुह, उपसमुह गठन गरी परिचालन गर्ने सक्नेछ । समुह , उपसमुह गठन तथा सञ्चालन सम्बन्धि व्यवस्था गर्नको लागी सहकारी सिद्धान्त, सहकारी एन, सहकारी नियम र यो विनियमको प्रतिकुल नहुने गरी संस्थाको साधारण सभाले आवश्यक  कार्यविधि तर्जुमा गरी लागु गर्नेछ ।

**३८. संस्थाले राख्नु पर्ने बहीखाता एवं दर्ता किताब :**

**संस्थाले देहाय वमोजिमको वही खाता तथा दर्ता किताब राख्नेछ :–**

(क) विनियमको (अनुसुचि - २) बमोजिमको सदस्य दर्ता किताव,

(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु।

(ग) नगत बहिखाता ,
(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,
(ङ)  शेयर दर्ता किताब,
(च) ऋण लेनदेन गरेको दर्ता किताब,
(छ) बेरुजु एवं सम्परीक्षण किताब,
(ज) व्यक्तिगत खाता,
(झ) सदस्यको व्यक्तिगत बचत खाता,
(ञ) जिन्सी दर्ता किताब,
(ट) आम्दानी,खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरु,
(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

**३९. कोषको व्यवस्था :**

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :
(क)  शेयर लगायत संस्थाले आर्जन गरेको सवै किसिमका आम्दानी,
(ख) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) विदेशी सरकार वा अन्तरराष्ट्रिय दातृ संघ संस्थाबाट प्राप्त अनुदानको रकम,

(घ) संस्थाले शेयर बिक्रि गरे वापत प्राप्त रकम, नियमित बचत र सदस्यता वापत प्राप्त शुल्कहरु ।

(ङ) अन्य श्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) वमोजिमको कोषको रकम विनियममा व्यवस्था भए वमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्थाले विदेशी सरकार वा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थावाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पुर्व स्वीकृती लिनेछ ।

(४) कनै बैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

(५) उपदफा (१) वमोजिमको कोषको खाताको संचालन समितिको अध्यक्ष र प्रबन्ध संचालक वा व्यवस्थापकको संयुक्त दस्तखतवाट हुनेछ । कोषको सम्पुर्ण जिम्मा खाता संचालकहरुमा रहनेछ । कोषबाट रकम भिक्दा संस्थाको स्वीकृत विनियम वमोजिम स्पष्ट निर्णय भएको कामका लागी हुनुपर्दछ । रकम चलनमा ल्याउने आधारहरु कानुन सम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा भिक्दा वा प्रयोग गरिएको पाइएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

**४०. जगेडा काष :**

संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछ : -

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाब जाचँ भएपछि खुद बचतबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) पुँजिगत अनुदान,

(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

(घ) गा.पाबाट प्राप्त रकम

**४१. खुद वचतको वाँडफाँड :**

(१) खुद बचतको २५ % रकम जगेडा कोषमा छुट्याई बाँकी रहन आएको शत प्रतिशत (१००० % ) मानी देहाय बमोजिमका कोषहरुमा जम्मा गरिनेछ : -

| | |
|---|---|
| (क) शेयर लाभाँस कोष | ३५% |
| (ख) संरक्षित पँजी फिर्ता काष | २५% |
| (ग) कर्मचारी वोनस कोष | १० % |
| (घ) घाटा पुर्ति काष | १० % |
| (ङ) सहकारी शिक्षा र तालिम कोष | १० % |
| (च) संस्था विकास कोष | १० % |
| | १०० % |

(२) शेयर लाभांश कोषबाट सदस्यहरुलाई लाभांश वितरण गर्दा शेयर पुँजिको १५ भन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(३) कर्मचारी बोनस कोषबाट कर्मचारीहरुलाई बनोस वितरण गर्दा (३) महिनाको तलब बरावर भन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(४) शेयर लाभाँश कोष , संरक्षित पँजिकोष र कर्मचारी बोनस कोषबाट रकम वितरण भई बांकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

**४२. कोषको सुरक्षा :**

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहने छ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सुरक्षाको लागी संस्थाले प्रचलित कानुन बमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुरसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षण का लागी बीमा गर्न सक्नेछ ।

(क) विनियममा उल्लेख भए बमोजिम संस्थाको स्वीकृत योजना अनुसार कार्यक्रम वा व्यवसाय संचालन गर्ने ।

(ख) स्वीकृत योजना अनुसारको कार्य गर्नको लागी आगी आवश्यक स्थिर सम्पत्ति खरिद गर्ने ।

(ग) कुनै सहकारी संघ वा सहकारी बैंको शेयर खरिद गर्ने र
(घ) ऋणपत्र खरिद गर्ने ।
(ङ) कुनै बैंकको बचत वा मुद्दत्ति खातामा जम्मा गर्ने ।

## परिच्छेद - ७

## विविध

**४३. लेखापरिक्षण सम्बन्धि व्यावस्था :**

१) संस्थाले प्रत्येक वर्षको हिसाव- किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधाराणसभा समक्ष स्वयं प्रस्तुत गर्नेछ ।
३) लेखापरीक्षकको पारिश्रमिक साधारणसभाले तोके बमोजिम हुनेछ ।
४) एउटै लेखापरिक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिनेछैन ।
५) साधारण सभाले लेखा परीक्षक नियुक्त गर्दा सम्बन्धित डिभिजन सहकारी कार्यालयमा प्रत्येक आर्थिक वर्षको लागि सूचिकृत भएको रजिष्टर्ड लेखापरीक्षकलाई मात्र गर्नेछ ।
लेखापरीक्षक नियुक्त गर्दा सम्बन्धित डिभिजन सहकारी कार्यलय मार्फत रजिष्टार वा निजको अधिकार प्राप्त अधिकारीबाट स्वीकृत लिइनेछ ।
६) साधारण सभाले लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने अधिकार संचालक समितिलाई दिन सक्नेछ ।
७) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अक्तिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ ।
क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी कानून्को पालना गरेका छन् छैनन् ।
ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरुको पालना गरेका छन् छैनन्
ग) लेखा परिक्षक नियुक्तिमा सहमति दिदांसम्बन्धित डिभिजन सहकारी कार्यालयले दिएको निर्देशन  बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।
घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु प्रयाप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यावस्थापकहरुबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन् वा छैनन् ।
ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका बारेमा लिएको अंक, रकम दिंदा अवलम्वन गरिएको प्रक्रियाका, ऋणको भाखा नाघे ननाघेको र सावाँ व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।
८) लेखा परीक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा सम्बन्धित सहकारी कार्यलयले अर्को लेखा परीक्षक नियुक्त गर्न निर्देश गर्न सक्नेछ वा त्यस्ता लेखा परीक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरीक्षण गर्न अनुमति नदिन सक्नेछ ।
**४४. शपथ ग्रहण** : संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ र शपथ ग्रहण अनुसुचि - ४ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।
**४५. बाँकी वक्यौता असूलउपर गर्ने** :

सदस्यले संस्थाबाटा लिएको ऋण चुक्ता नगरेमा बाँकी रकम,सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घर-घराना ( जायाजेथा) बाट सहकारी ऐन नियममा तोकिए बमोजिमको ऋणी सदस्यबाट नै असूलउपर गरिनेछ । असुल उपर गर्नुपर्ने जायजेथा लिलाम गर्दा लिलाम बढाबढबाट उठेको रकम संस्थाको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम संबन्धित सदस्यलाई फिर्ता गरिनेछ ।

**४६. हकवालाको मनोनयन** :

१) सदस्यले हकवाला मनोनित गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनित गर्ने सदस्य र साक्षीहरु समेतको सहिछाप गरेको हुनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्याक्तिलाई मात्र हकवाला मनोनित गर्नु पर्नेछ ।

३) कुनै सदस्यले उपदफा २ को अधिनमा रहि एकजना भन्दा बढी व्याक्तिहरुलाई मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यात्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनुपर्ने छ ।

**४७. हक दावी वा नामसारीः**

१) कुनै सदस्यको मृत्यु भएमा निजको नाामममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ६२ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुन बमोजिम हकवालाको नाममा नामसमरी गर्न सकिनेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ । र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा १ र२ मा जुनसुकै कुरा लेखिएको भएतापनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सनतुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तिमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

**४८. निर्वाचन सम्बन्धि व्यावस्थाः**

(१) संस्थाको विनियमको अधीनमा रही संचालक समिति र लेखा सुपरिवेक्षण समितिको  निर्वाचन गर्न संचालक समितिले एउटा निर्वाचन समिति गटन गर्नेछ ।

२) समितिले निर्णय गरी तोकेको एक सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानिय व्याक्ति वा सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्याक्तिको संयोजकत्वमा संस्थाको सदस्यहरु मध्ये एकजना सदस्य (निर्वाचनमा उम्मेदवार नहुने ) र सम्बन्धित डिभिजन सहकारी कार्यलयको एक जना कर्मचारीप्रतिनिधि रहने गरी जम्मा तीनजना सदस्य भएको निर्वाचन समिति

**४९. आर्थिक वर्ष :**

(१) संस्थाको आर्थिक वर्ष श्रावण १ गते देखी आषाढ मसान्त सम्मको अवधिलाई मानी गणना गरिन्छ ।

(२) समितिले संस्थाको कारोवारको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ३ महिना भित्र स्वाकृत लेखा परीक्षेकबाट लेखा परीक्षण गराई प्रमाणित गरी साधारण

**५०. अविश्वासको प्रस्ताव राख्न नकिने**

(१) साधारण सभाका पाँच प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधारणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(२) साधारणसभाको बहुमतबाट अविश्वासका प्रस्ताव पारित भएमा वा समिति विघटन गर्ने निणर्य भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ ।

**५१. विनियम संशोधन**

संस्थाको कुल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरुको निर्णयबाट संस्थाले आफ्नो विनिमय संशोधन गर्ने सक्नेछ । यसरी संशोधन भएको

विनियम सहकारी ऐन बमोजिम संबन्धित सहकारी डिभिजन कार्यलयमा पेश गरी रजिष्ट्रार वा निजको अधिकार प्राप्त अधिकार प्राप्त अधिकार प्राप्त अधिकारीबाट स्वाकृति दिएपछी लागु हुनेछ ।

## ५२. सेवा शुल्क

संस्थाले सदस्यहरुग ऋणको कारोवार गर्दा व्याज वाहेक अन्य कुनै शुल्क लिइने छैन । तर सदस्यहरुलमई पुऱ्याइने अन्य सेवा वापत भने पुर्व निर्धारित सेवा शुल्क लिन सकिनेछ ।

## ५३. घर जग्गा खरीद

संस्थाले आफ्नो प्रयोजनका लागी साधारणसभाको निर्णय बमोजिम घरजग्गा खरिद गर्न सक्ने छ ।

## ५४. विविध

(१) बैंकिङ कारोवार गर्नुपरेमा सम्बन्धित नेपाल राष्ट्र बैंकको पुर्व स्वीकृती लिएर मात्र गरिनेछ ।
(२) संस्थाको साइनबोर्डमा सहकारी ऐन २०७४ बमोजिम स्थापित भनि लेखिनेछ ।
(३) कनै सदस्य संस्थाको संचालन वा लेखा समितिको पदमा उम्मेदवार
(४) संस्थाको बचत, लगानी तथा सबै सम्पतिको सुरक्षा र संरक्षण गर्ने सामुहिक जिम्मेवारी संचालनहरुको हुनेछ । यस वारेमा स्पष्ट कार्य विभाजन भएकोमा साहि बमोजिम व्यक्तिगत रुपमा बढी जिम्मेवार ठहराई कुनै पदाभिकारीलाई थप कारवाही प्रकिया चलाउन यस व्यवस्थाले बाधा पुग्ने छैन् ।
(५) पदाधिकारीले आफ्नो सिफारीसको जिम्मेवारी वहन गर्नु पर्ने छ ।
(६) संस्थाका सदस्यहरु बिच संस्थापक सदस्य,शेयर सदस्य र साधारण सदस्य आदि रुपमा वर्गीकरण गरी विभेद गरिने छैन ।
(७) संस्थाको सहकारी मुल्य मान्यता र सिद्धान्तहरुमा आधारित रही आचार संहिता तयार गरी लागु गर्नु पर्नेछ ।
(८) संस्थाको प्रमाण पत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नं. दर्ता मिति र दर्ता भएको सहकारी कार्यलयको नाम र कार्यक्षेत्र समेत खुलाई नेपाली भाषा देवनागरीक लिपिमा साईनवोर्ड लेखी संस्थाको कार्यलयमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।
(९) संस्थाको कुनै सदस्य एकै प्रकृतिको एक भन्दा बढी संस्थाको समिति वा लेखा लेखासमितिको कुनै पदमा उम्मेदवार हुन सक्नेछैन् ।
(१०) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म यस विनियम वमोजिम गठन हुने उपसमितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

## ५५. अमान्य हुने :

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन , नियम र सहकारीका सिद्धान्तहरु बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

## ५६. बचाउ :

कुनै संचालक वा साधारणसभाको प्रतिनिधिको निर्वाचन वा नियुक्तिका सम्बन्धमा सहकारी ऐन, नियम र विनियम अर्न्तगतको कुनै व्यवस्थाको पालना भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरीनु भन्दा अगाबै त्यस्ता संचालक समिति, उपसमिति वा साधारणसभाले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।

अनुसूचि १ संस्थाको चिन्ह र छाप

संस्थाको चिन्ह छापको लोगो यस प्रकार हुनेछ ।

अनुसुची २ **तदर्थ समितिको पदाधिकारीहरु**

| सि.नं. | पद | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

पेश गर्ने कर्मचारीको
नाम : –
दस्तखत :–
पद :–

स्वीकृत गर्ने पदाधिकारीको
नाम : –
दस्तखत :–
पद :–

दर्ता गर्ने कार्यलयको छाप :-

दर्ता मिति :-

अनुसुचि - ३

शपथ ग्रहण

म (................सहकारी संस्था लिमिटेड..........................................................को .......................... पदमा साधारणसभाबाट निर्वाचित भएकोमा पदाधिकारीको हैसियतवाट कुनै किसिमको लोभ, लालच । मोलाहिजा नगरी पक्षपात रहित ढंङ्गवाट निर्णय गर्नेछु । मलाई ज्ञात हुने आएको सहकारी र संस्थासंग सम्बन्धीत कुनै गोप्य कुरा आधिकारीक व्यक्ति वाहेक अन्य कसैलाई म पदमा रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा भन्ने वा संकेत गर्ने छुईन ।

सपथ ग्रहणगराउनेको
सहि :-
नाम :-

सपथ ग्रहण गर्नेको
सहि :-
नाम :-
पद :-

अनुसुची -३

श्री.................सहकारी संस्था लि.

...................खोटाङ्ग

# शेयर प्रमाण -पत्र

सदस्यता नं. ..............

मिति .........................

श्री ........................................... को नातिनी श्री ................................को छोरी श्री .............................को पत्नी, समुह नं. ..........................का सदस्य..................................जिल्ला ......................गाउँ विकास समिति, वडा नं.........बस्ने श्रीमती ............................ले यस .........कृषि सहकारी संस्था लि.को रु. ...........दरको शेयर नं. ..............देखी .....................सम्म को जम्मा ........................... कित्ता शेयर वापत जम्मा रु. ................अक्षरुपी मात्र) बुझाई यस संस्थाको शेयर खरीद गर्नु भएकोले यस संस्थाको छाप लागेको यो प्रमाण पत्र प्रदान गरिएको छ ।

.............................. .............................. ...................................

संस्थाको छाप व्यवस्थापक अध्यक्ष

## सदस्यता फारम

अनुसूची ४

| बाबु वा आमाको नाम | पति वा पत्नीको नाम | आफ्नो नाम थर | उमेर | ठेगाना | पेशा | खरिद शेयर संख्या | रकम | फाटो | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## दस्तखत दर्ता किताब

| बाजेका नाम | बाबुको नाम | पति/पत्नीको नाम | सदस्यको नाम थर | उमेर | ठेगाना | शेयर संख्या | सदस्य भएको मिति | हकवालाको नाम | एमेर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

.......................................सहकारी संस्था लि. .........................................

### तदर्थ संचालक समितिका सदस्यहरुको बिवरण फारम

| बाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | पद | संचालकको नाम | ठेगाना | प्रशा | निर्वाचित मिति | रेखात्मक दस्तखत | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | फोटोमा पर्ने गरी दस्तखत गर्ने | |